सुदूरपश्चिम विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

**महेन्द्रनगर, कञ्चनपुर**

**प्राध्यापक र सहप्राध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी सूचना**

**मिति २०८०/०८/०२**

सुदूरपश्चिम विश्वविद्यालयका लागि निम्नलिखित प्राध्यापक र सहप्राध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य उमेदवारहरुबाट मिति २०८०/०८/०२ गतेदेखि २०८०/०९/०६ गतेसम्म (दोब्बर दस्तुर तिरेर २०८०/०९/१३ गते भित्र) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको वेबसाइट www.servicecomission.fwu.edu.npमा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्तउपर कुनै कार्यवाही हुने छैन ।

**प्राध्यापकतर्फ**

| क.स | विज्ञापन नं. | पद | विषय | संख्या |
|---|---|---|---|---|
| १. | ३०/२०८०-०८१ | प्राध्यापक | अंग्रेजी | १ (एक) |
| २ | ३१/२०८०-०८१ | प्राध्यापक | भूगोल | १ (एक) |
| ३ | ३२/२०८०-०८१ | प्राध्यापक | राजनीति शास्त्र | १ (एक) |
| ४ | ३३/२०८०-०८१ | प्राध्यापक | नेपाली | १ (एक) |
| ५ | ३४/२०८०-०८१ | प्राध्यापक | अर्थशास्त्र | १ (एक) |
| ६ | ३५/२०८०-०८१ | प्राध्यापक | इन्जिनियरिङ्ग आर्किटेक्चरल इन्जिनियरिङ्ग | १ (एक) |

**सहप्राध्यापकतर्फ**

| क.स | विज्ञापन नं. | पद | विषय | संख्या |
|---|---|---|---|---|
| १. | ३६/२०८०-०८१ | सह प्राध्यापक | नेपाली शिक्षा | १ (एक) |
| २ | ३७/२०८०-०८१ | सह प्राध्यापक | अंग्रेजी शिक्षा | १ (एक) |
| ३ | ३८/२०८०-०८१ | सह प्राध्यापक | व्यवस्थापन | १ (एक) |
| ४ | ३९/२०८०-०८१ | सह प्राध्यापक | पठ्यक्रम तथा मूल्यांकन | १ (एक) |

विज्ञापन सम्बन्धी अन्य विवरण सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.np मा हेर्न सकिने छ ।

**द्रष्टव्य:**

१. आवेदन दस्तुर : रू. ३०००।-, आवेदन दस्तुर अनलाईन प्रणाली मार्फत बुझाउनु पर्नेछ । एकपटक बुझाई सकेको दस्तुर फिर्ता हुने छैन ।

२. आवश्यक योग्यता : सुदूरपश्चिम विश्वविद्यालय शिक्षक नियुक्तिका आधार एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) को परिच्छेद ५ उप विनियम १० अनुसार योग्यता पुगेको ।

३. विज्ञापन प्रकाशन भएको मिति पछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन ।

४. निम्न कागजातहरूको डिजिटल फाइल (pdf) अनलाईन फारमका साथ अपलोड गर्नु पर्नेछ ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

(ख) आधिकारिक हस्ताक्षर ।

(ग) नागरिकता ।

(घ) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, (विदेशी विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत)

ङ. आवेदित पद भन्दा मुनिका पदहरुको स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।

५. उम्मेदवारद्वारा प्रकाशित अनुसन्धानात्मक कृतिहरु (विज्ञापन प्रकाशित हुनुभन्दा अगाडी प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यक्रम, सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरु आदि) उम्मेदवारले अनलाइन आवेदन फारामको सम्बन्धित कृतिहरुको महलमा स्पष्ट भर्नुपर्ने छ, अन्यथा कृतिहरु मूल्यांकन गरिने छैन् । साथै प्रकाशित कृतिहरुको एक प्रति सक्कल ( Hard Copy)सेवा आयोगको कार्यालयमा आवेदनको अन्तिम दिनसम्म बुझाइ सक्नुपर्ने छ ।

६. कार्यसम्पादन मूल्यांकनको हकमा सम्बन्धित निकाय प्रमुखलाई बुझाएको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटि हुन गएमा सच्याउने अधिकार सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगमा सुरक्षित हुनेछ ।

सेवा आयोगको कार्यालय